नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

फोन नं.०४९-४२११११
Email:lrodolakha@gmail.com
Web:dolakha@dolma.gov.np
चरिकोट,दोलखा, नेपाल ।

# मालपोत कार्यालय

सूचना। सूचना॥ सूचना॥।

मिति:-२०[illegible]

दोलखा जिल्ला साविक पवटी गा.वि.स. वडा नं. ३ बस्ने गोमादेवी कोईरालाको नाममा नापनक्सा भएको, सिताराम कोईरालाका नाममा नापनक्सा भएको, धन कुमारी कोईरालाका नाममा नापनक्सा भएको, खडानन्द कोईरालाका नाममा नापनक्सा भएको तपसिलमा उल्लिखित जग्गा दर्ता छुट भएकोमा साविक पवटी गा.वि.स. वडा नं. १ दोलखा हाल लालबन्दी न.पा. वडा नं. ७ सर्लाही बस्ने मुक्त प्रसाद कोईरालाको बा.मातृका प्रसाद कोईरालाले वादि मेरी आमा लालकुमारी कोईराला प्रतिवादी निल प्रसाद कोईराला, विष्णु प्रसाद कोईराला, र खडानन्द कोईराला समेत भएको उक्त जग्गा वादी लाल कुमारी कोईरालाका नाममा ३ खण्डको १ खण्ड बण्डा छुट्याई पाउने गरि सम्मानित दोलखा जिल्ला अदालतबाट फैसला भएको, सोही फैसला बमोजिम लाल कुमारी कोईरालाको भाग पर्ने जग्गा जति मेरा नाममा छुट जग्गादर्ता/नामसारी/दा.खा. गरिपाउँ भनी माग निवेदन गरेको देखिँदा वादि लाल कुमारी कोईरालाको कहिले मृत्यु भएको हो, निजको मृत्यु पछि हकखाने हकदार को-को छन, प्रतिवादीहरुको भनाई के छ ? उक्त किता जग्गा सरकारी, सार्वजनिक, बिर्ता वा गुठी अन्तर्गतको हो, होईन ? निवेदकहरु बाहेक अन्य हकदारहरु छन, छैनन् ? निवेदकका नाममा रैकर तर्फ छुट जग्गा दर्ता/नामसारी नहुनु पर्ने भए वा निवेदक बाहेक अरुको समेत हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिलः (फिल्डबुकको विवरण)

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोहीको | जग्गावालाको नाम, घर | बिरह/प्रमाण संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| पवटी | १ | २६० | ०९९३० | | धन कुमारी कोईराला<br>गा.बि.स. पवटी वडा नं. १<br>स.- जगन्नाथ, पति:- बिष्णु प्रसाद | मर्के/दोयम/घरबारी | |
| पवटी | १ | २६१ | ०१३२० | | खडानन्द कोईराला<br>गा.बि.स. पवटी वडा नं. ३<br>बाबु:- बिष्णुनाथ, बाजे:- जगन्नाथ | मर्के/दोयम/चौतारा | |
| पवटी | १ | २६७ | ००७९५ | | गोमादेवी कोईराला<br>गा.बि.स. पवटी वडा नं. ३<br>स.- जगन्नाथ, पति:- खडानन्द | मर्के/दोयम/चौतारा | |
| पवटी | | २६९ | ०१०९० | | गोमादेवी कोईराला<br>गा.बि.स. पवटी वडा नं. ३<br>स.- जगन्नाथ, पति:- खडानन्द | मर्के/दोयम/चौतारा | |
| पवटी | | २६८ | ००६९५ | | सिताराम कोईराला<br>गा.बि.स. पवटी वडा नं. ३<br>बाबु:- निल प्रसाद, बाजे:- जगन्नाथ | मर्के/दोयम/ पुरानो घडेरी | |

पुनश्च:- निवेदकले सो जग्गाको साविक तिरो, साविक लगत प्रतिलिपि तथा ७ नं. फौटवारी लगायत कागजात भुकम्पमा परि हराएको भनि निवेदनमा उल्लेख गरेको । यस कार्यालयमा रहेको साविक लगत अनुसुचि तथा ७ नं. फौटवारी लगायतका कागजात द्वन्दको समयमा जलेको व्यहोरा समेत अवगत गराईन्छ ।